चाडपर्वको संरक्षण र संवर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं
हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज ०७ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 September 24 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३६

## मन्दीले वीरगंजका व्यवसायी सम्पर्कविहीन बन्दै

प्रस, परवानीपुर, ६ असोज/

वीरगंजमा सटरको भाडा तिर्न नसक्दा सम्पर्कविहीन हुने व्यापारीहरूको सङ्ख्या बढ्दै गएको छ।

यसरी सम्पर्कविहीन हुनेमा धेरैजसो सहकारी, विद्यालय, सुनपसल, किरानापसल, टेलरिङ, कस्मेटिक, मदिरापसललगायतका व्यवसायीहरू रहेको जनाइएको छ।

महानगरका कर्मचारीहरूका अनुसार व्यापार- व्यवसाय फस्टाउन नसक्दा बैंकको ऋण र घरधनीलाई भाडा तिर्न नसक्दा उनीहरू व्यवसायबाट पलयान भएर सम्पर्कविहीन भएको हुन्।

आर्थिक मन्दीका कारण वीरगंज महानगरपालिका कार्यालयमा घर वा सटर खाली गराउन निवेदन दिनेको सङ्ख्या पछिल्लो समय बढ्दै गएको छ।

वीरगंज महानगरमा विभिन्न व्यापार-व्यवसाय गरेर बसेका व्यवसायी सम्पर्कविहीन भएपछि घरधनीले खाली गराउन निवेदन दिने क्रम बढेको महानगरका कर्मचारीहरूको भनाइ छ।


तस्वीर: प्रतीक

कतिपय व्यवसायी सम्पर्कमा भएपनि भाडा लेनदेनको विषयमा असहमति हुँदा घर वा सटर खाली गराउन निवेदन पर्ने गरेको महानगरले जनाएको छ। बन्दाबन्दी सहज भएपछि व्यापार बिस्तारै लयमा फर्किदै थियो, तर देशमा आर्थिक मन्दी शुरू भएपछि व्यवसायले थप समस्या भोग्नुपरेको व्यवसायीहरूको भनाइ छ।

## आठजना महिलासहित २२१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ६ असोज/

पर्सा र बारामा शनिवार तीन स्थानमा भएको रक्तदान कार्यक्रममा आठजना महिलासहित २२१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

न्यू राइजिङ युवा क्लब, चैनपुर, बाराद्वारा आयोजित रक्तदान कार्यक्रममा ७६ जनाले रक्तदान गरेका थिए। उक्त कार्यक्रममा नवशाद देवान, प्रमोद राम, हरिन्द्र ठाकुर, ध्रुव पटेल, राहुल साह, सुभाष पटेललगायतले रक्तदान गरेका थिए।


तस्वीर: प्रतीक

जसपाका नेता सञ्जु साहले रक्तदान कार्यक्रमको उद्घाटन गरेका थिए। उनले युवाहरू कुलतमा लागेर परिवार र आफ्नो जीवनसँग खेलवाड गरिरहेको भन्दै युवाशक्तिले समाज विकासमा सक्रिय हुनुपर्ने सुझाव दिए। कार्यक्रममा स्वच्छ समाज युवा क्लबका अध्यक्ष भुपेन्द्र पटेल, राइजिङ युवा क्लबका अध्यक्ष लक्ष्मीराउत कुर्मी, मणिकान्त साह, प्रमोद यादव, अखिल पटेललगायतको सहभागिता थियो।

यसैगरी, दुर्गापुजा सेवा समिति, वीरगंज-९, रानीघाटद्वारा आयोजित रक्तदान कार्यक्रममा चारजना महिलासहित ७१ जनाले रक्तदान गरेका थिए।

कार्यक्रममा सतीशसिंह राजपूत, लालबाबु अमृत पासवान, पुरुषोत्तम साहलगायतले रक्तदान गरेका थिए।

यसैगरी, तराई कुम्हार समाजद्वारा घण्टाघरमा आयोजित रक्तदान कार्यक्रममा चारजना महिलासहित ७० जनाले रक्तदान गरेका थिए।

यस कार्यक्रममा सरिता सिंह, आनन्द कानु, राजाबाबु साह, विशाल गुप्ता, प्रीतम साह कानु, लोकेश कर्ण, अब्दुल होदा अन्सारीलगायतले रक्तदान गरेका थिए।

## काठसहित पाँचजना तस्कर नियन्त्रणमा

प्रस, निजगढ, ६ असोज/

डिभिजन वन कार्यालय बारा र मातहतका निकायले तीन सातायता रु डेढ लाखभन्दा बढीको काठसहित काठ चोरी तस्करीमा संलग्न पाँचजनालाई पक्राउ गरेको छ।


तस्वीर: प्रतीक

पक्राउ पर्नेमा जीतपुरसिमरा उपमहानपा-२० बसडिलवाका दयानन्द गिरी, कोल्हवी नपा-१ बभनीका शेखर चौधरी, सुखल चौधरी, ब्रह्मदेव चौधरी र कोल्हवी नपा-८ काटगाउँका सुनील चौधरी रहेका डिवका, बाराले जनाएको छ।

उनीहरूले साइकलमा लोड गरी वन क्षेत्रबाट काठ चोरी गरी लगिरहेको अवस्थामा पक्राउ गरेको डिवकाका सशस्त्र वनरक्षक शाखाका प्रमुख एवं जमदार नागेन्द्र बैठाले जानकारी दिए। उनीहरूका साथबाट २३.६४ क्यूफिट, ७.८५ क्यूफिट र ६.०० क्यूफिट गरी जम्मा ३७.४९ क्यूफिट सालको गोलिया र चिरान काठ, साइकल, आरा, बन्चरो बरामद गरिएको उनले बताए।

पक्राउ परेका कोल्हवी-१ बभनीका शेखर चौधरी, सुखल चौधरी, ब्रह्मदेव चौधरीले कोल्हवी सबडिभिजन वन कार्यालयको घाटगड्डीमा रहेको सालको गोलिया चोरी गरी चिरान गरिरहेको अवस्थामा नियन्त्रणमा लिई डिवका, बारामा बुझाइएको कोल्हवी सबडिवकाका इन्चार्ज अब्दुल कलामले बताए।

पक्राउ परेका पाँचैजना अभियुक्तलाई अनुसन्धान गरी वन ऐन अनुसार कारबाही अघि बढाइएको डिवका, बाराका सूचना अधिकारी एवं सहायक वन अधिकृत जवाहरलालप्रसाद कुर्मीले जानकारी दिए।

## नाबालिका बलात्कारको आरोपमा वृद्ध पक्राउ

प्रस, निजगढ, ६ असोज/

निजगढ नगरपालिका-१२ थलीमा पूर्णअपाङ्गता भएकी बालिकालाई जबरजस्ती करणी गर्ने एक वृद्धलाई शुक्रवार राति प्रहरीले रतनपुरबाट पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सोही वडा रामथलीका ६४ वर्षीय सोमबहादुर लुम्बा रहेको इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ।

हिंड्डुल गर्न, बोल्न नसक्ने पूर्णअपाङ्गता भएकी बालिका एक्लै घरमा भएको मौका छोपी वृद्ध लुम्बाले बालिकासँग जबरजस्ती गरेको प्रहरीसमक्ष स्वीकारेको प्रहरी अनुसन्धानबाट खुलेको इप्रका, निजगढका प्रमुख एवं प्रहरी निरीक्षक घनश्याम श्रेष्ठले बताए।

यता सो घटनामा संलग्न अभियुक्तलाई हदैसम्मको कानूनी कारबाही गर्न मेचीमहाकाली संयुक्त बुहारी आवाज, बाराकी अध्यक्ष चन्द्रिकाकुमारी मगरसहित पदाधिकारीहरूले शनिवार इप्रका, निजगढका प्रनि श्रेष्ठलाई ध्यानाकर्षणपत्र बुझाएका थिए।


दोषीलाई कारबाईको माग गर्दै महिलाहरू। तस्वीर: जीतलाल श्रेष्ठ

बालबालिका, वृद्धवृद्धा, असहाय, अपाङ्गलगायतका नागरिकहरूको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी समाज र राज्यको रहेको उक्त ध्यानाकर्षणपत्रमा उल्लेख छ। आवश्यक कानूनी प्रक्रिया पूरा गरी मुद्दा दर्ता गरी हदैसम्मको कारबाही प्रक्रिया अघि बढाइने प्रनि श्रेष्ठले बताए। पीडित बालिकाको थप उपचार वीरगंजस्थित अस्पतालमा भइरहेको छ।

## कानू समाजको भेला सम्पन्न

प्रस, वीरगंज, ६ असोज/

कानू अतिथि सदन, पर्साको भेला शनिवार सम्पन्न भएको छ।

भेला कानू अतिथि सदन, पर्साका अध्यक्ष नरेशकुमार साहको अध्यक्षतामा सम्पन्न भएको हो।

भेलामा विभिन्न विषयमा छलफल भएको र कानू अतिथि सदनको नाममा धर्मशाला निर्माण गर्ने सर्वसहमत निर्णय गरिएको छ।

कार्यक्रममा नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा चितरञ्जन साह, आशीर्वाद अस्पताल, कलैयाका सञ्चालक एवं स्त्रीरोग विशेषज्ञ राजेश साह, नेकपा एमालेका नेता शम्भु गुप्ता, वीरगंज महानगरपालिका वडा नं ४ का

(बाँकी अन्तिम पातामा)



## जनताको गुनासो सुन्दै नगरप्रमुख सिंह

प्रस, वीरगंज, ६ असोज/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले शनिवार वडा नं ९ मुसौलीमा स्थानीयसँग भेटघाट गरेर समस्या बुझेका छन्।

टोलटोलमा पुगेर समस्या बुझ्ने र सोको समाधान गर्ने अभियान अन्तर्गत आज मुसौलीका जनतासँग उनले समस्या बुझेका र स्थानीयले उठाएका समस्यालाई सक्दो समाधान गर्ने आश्वासन दिएका थिए।


तस्वीर: प्रतीक

सो अवसरमा नगरप्रमुख सिंहले स्थानीयको समस्या बुझेर सोको समाधानतर्फ पहल गर्ने बताए। उनले समस्या समाधानका लागि प्राविधिक टोलीलाई निर्देशन पनि दिएका थिए। नगरप्रमुख सिंहले महानगरका ग्रामीण क्षेत्रको विकासका लागि आफूले पहल थालेको र प्राथमिकतामा राखेर बजेट पनि छुट्याएको बताए। स्थानीयले सडक, नाला, स्वास्थ्य संस्था र मन्दिर निर्माणको लागि नगरप्रमुखसँग आग्रह गरेका थिए। वडाध्यक्ष धर्मेन्द्र चौधरीले

(बाँकी तेस्रो पातामा)

## विचारसार र सूक्तिहरू

**हरेक दिन गरिने ससाना प्रयासबाट पछि गएर भविष्यको जग निर्माण हुन्छ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# अरूको लागि पनि बाँच्न सिकौं

एकपटक भगवान् बुद्ध कुनै गाउँमा प्रवचन दिंदै थिए । निकै टाढाबाट मानिसहरू उनको प्रवचन सुन्न आएका थिए । उनको प्रवचन सुनेपछि मानिस व्यक्तिगत र पारिवारिक समस्याको समाधान पाउँथे । उनको प्रवचन सुनेर थुप्रै व्यक्तिले नयाँ जीवन-दृष्टि पाएर पवित्र जीवन बाँच्ने सङ्कल्प लिए। धेरैजना एउटा गाउँको गली हुँदै बुद्धको प्रवचन सुन्न गइरहेका थिए ।

**जसले अरूलाई दिन्छ, उसलाई प्रकृतिले धेरै गुना बढी फिर्ता गर्छ । दिनु नै हामीभित्रको देवत्वको जागरण हो, जसबाट हाम्रो स्वयंको जीवन सुगन्धित हुन्छ, फुल्छ । अध्यात्मको सार पनि यही हो कि हामी स्वयंको लागि होइन अरूको लागि बाँच्न सिक्नुपर्छ ।**

गाउँको त्यस गलीमा एकजना गरीब व्यक्ति आफ्नो सानो कुटियामा बस्दथे। उनकै झुपडी भएर मानिसहरूको झुन्ड बुद्धको प्रवचन सुन्न गइरहेको तिनले हेरिरहेका थिए । उनी आफ्नो घरको बाटो भएर आउनेजाने व्यक्तिलाई निकै ध्यानपूर्वक हेर्ने गर्दथे । भगवान् बुद्धको शिविरमा जाने व्यक्तिहरू उदास भएको देख्दथे भने शिविरबाट प्रवचन सुनेर फर्कनेहरूको अनुहारमा अनौठो प्रसन्नता, आत्मविश्वास र शान्तिको भाव ती गरीबले देख्दथे, मानौं शिविरबाट फर्कनेहरूले कुनै ठूलो सम्पत्ति र खुशी हात पारेका छन्- यस्तो कसरी भइरहेको छ, उनको मनमा खुल्दली उठ्यो ?

मानिसहरूको यस प्रकारको भाव देखेर एक दिन तिनले पनि भगवान् बुद्धसँग भेट्ने निश्चय गरे । अर्को दिन उनी पनि त्यस स्थलमा पुगे जहाँ बुद्धको प्रवचन भइरहेको थियो । त्यहाँ पुग्दा बुद्धको प्रवचन समाप्त भइसकेको थियो र मानिस आफ्नो समस्याबारे भगवान् बुद्धसँग छलफल गरिरहेका थिए। भगवान् बुद्ध निकै शान्त मनले सबैको कुरा सुनेर समाधान बताइरहेका थिए । ती गरीब व्यक्ति पनि आफ्नो पालो पर्खिरहेका थिए कि कतिबेला भगवान् बुद्धलाई भेट्ने, उनको सामीप्य पाउने र मनको दुःखेसो पोख्ने सौभाग्य प्राप्त होला ।

अन्ततः उनको पनि पालो आयो । उनी पनि अब तथागतको सम्मुख उभिएका थिए । उनले नमन गर्दै भने- महात्मन् ! ईश्वरले सबैलाई यति धेरै खुशी दिएका छन्, धनधान्य दिएका छन् तर ईश्वरले मलाई यति धेरै गरीबी र दुःखपीडा किन दिए ? मैले कुन पापकर्म गरेको थिएँ, जसको कारण म गरीबी र दुःखले भरिएको जीवन जिउन विवश छु ।

ती गरीबको कुरा सुनेर भगवान् बुद्धले करुणाभावले भने- वत्स ! के तिमीले कहिल्यै कसैलाई केही दिएका छौ ? गरीब व्यक्तिले आश्चर्यचकित हुँदै महात्मा बुद्धतर्फ हेरे र भने- प्रभु ! म कसलाई के दिन सक्छु, मसँग दिनका लागि के नै छ र ? म त स्वयं निकै मुश्किलले आफ्नो र परिवारको भरणपोषण गरिरहेको छु । कैयौंपटक हाम्रो परिवार भोको पेट सुत्नुपरेको छ। यस्तो अवस्थामा म कसलाई के दिन सक्छु र ?

यो सुनेर तथागतले भने- भगवान्ले तिमीलाई सुन्दर अनुहार दिएको छ, जसबाट तिमीले अरूलाई मुस्कान दिन सक्छौं; भगवान्ले तिमीलाई मुख दिएको छ, जसबाट तिमी अरूको प्रशंसा गर्न सक्छौं; भगवान्ले तिमीलाई हात दिएका छन्, जसबाट तिमीले अरू व्यक्तिको मदत गर्न सक्छौं । जोसँग यी तीन कुरा छन्, ऊ कसरी गरीब हुन सक्छ ? तिमी अरूलाई दिन सिक, उनीहरूको मदत गर्न शुरू गर । आफ्नो मुस्कान र प्रशंसाको शब्द अरूलाई बाँड्न शुरू गर। आफ्नो दुवै हातबाट जति अरूको मदत गर्न सक्छौं गर, तिमी कहिल्यै गरीब रहँदैनौं। यो गरीबी र दारिद्र्य सधैंको लागि तिमीबाट टाढा हुन्छ। यस कर्मलाई आफ्नो जीवनमा अभ्यास गर्ने मानिस कहिल्यै गरीब हुन सक्दैन ।

ती व्यक्तिले अब आफ्नो समस्याको समाधान पाइसकेका थिए। उनले आफ्नो गरीबी र दुःखको कारण थाहा पाए । उनी एउटा नयाँ आत्मविश्वास र अनुहारमा अप्रतिम मुस्कान र शान्ति लिएर त्यहाँबाट फर्के । त्यसपछि उसको जीवनको दिशाधारा नै बदलियो। उनको जीवनदृष्टि बदलिसकेको थियो र जीवनको दिशा पनि । उनी अब अन्य व्यक्तिको सेवामा, सहायतामा निरत रहन थाले। अरूलाई खुशी दिएर उनी स्वयं प्रसन्न हुन थाले । कडा मेहनत र पुरुषार्थको बलमा उनले अन्य व्यक्तिसरह समृद्ध र सुख हासिल गरे ।

निश्चय नै हामीमध्ये हरेकले यी कर्मलाई आफ्नो जीवनमा अभ्यास गरेर अनन्त गुणा खुशी पाउन सक्छौं। समृद्धि पाउन सक्छौं । युगऋषि परमपूज्य गुरुदेवका अनुसार अरूलाई दिंदा व्यक्तिभित्र देवत्वको अभिवृद्धि हुन्छ । जसले अरूलाई दिन्छ, उसलाई प्रकृतिले धेरै गुना बढी फिर्ता गर्छ । दिनु नै हामीभित्रको देवत्वको जागरण हो, जसबाट हाम्रो स्वयंको जीवन सुगन्धित हुन्छ, फुल्छ। अध्यात्मको सार पनि यही हो कि हामी स्वयंको लागि होइन अरूको लागि बाँच्न सिक्नुपर्छ । स्वयंको लागि पशुपक्षी र अन्य प्राणी पनि बाँच्छन् तर मनुष्य विधाताको सर्वोत्कृष्ट कृति भएकोले यस जगत्मा रहेर आफ्नो सर्वोत्कृष्टताको परिचय आफ्नो आचरणबाट दिनुपर्छ।

**"बेकार नबस !"**
**यो एउटा यस्तो सबक हो, जसले मानिसलाई अल्छी बन्नबाट रोक्छ । अल्छी बन्नु मनलाई चञ्चल बनाउनु हो र काम गर्नु मनलाई एकाग्र गर्ने साधन हो ।**

# चिनीमा चलखेल : व्यापारी मालामाल, उपभोक्ता बेहाल

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**उद्योगीलाई पनि हाइसन्चो, न उन्नत प्रविधि भित्र्याउनुपर्‍यो, न प्रतिस्पर्धी दक्षता नै चाहियो । जुन बजारमा हामीले प्रतिस्पर्धा गर्नुपर्ने हो, त्यही बजारबाट फालिएको प्रविधि ल्याएर यहाँ उत्पादन भइरहेको छ भने प्रतिस्पर्धाका लागि खोज्ने भनेको त भन्सारमा महसूलको छेको नै हो ।**

अहिले चिनीको तस्करीसँगै कालोबजारी उत्कर्षमा छ । भारतमा किलोको भारु ४०-४२ मा पाइने चिनी तस्करीको माध्यमबाट नेपाल भित्रिन्छ। सीमावर्ती नेपालका बजारसम्म आइपुग्दा ७० रुपैयाँमा पाइने भारतीय चिनी काठमाडौंलगायतका शहर र देशका अन्य ग्रामीण क्षेत्रमा एक किलो चिनीका लागि १३५-१४० रुपैयाँ तिर्नुपरिरहेको छ। चिनी अभावको मौका छोपेर भइरहेको तस्करी र कालोबजारी आउँदो दशैं, तिहार जस्ता चाडपर्वमा अझ उत्कर्षमा पुग्ने आकलन गरिएको छ ।

चिनीमा दोहोरो अपराध भइरहेको छ । एउटा, सीमा क्षेत्रबाट अनधिकृत आयात गरेर सरकारको राजस्व मार्ने काम भइरहेको छ भने त्यो चिनी उपभोक्तालाई अत्यन्तै महँगोमा बेचेर ठग्ने धन्धा चलेको छ । सीमावर्ती बजारमा रु ७० मा पाइने चिनी काठमाडौं पुऱ्याएपछि दोब्बर मूल्य पाउने भएपछि तस्करहरू मालामाल भएका छन् । उपभोक्तालाई चुसेर आर्जित रकमबाट दुई नम्बरी कारोबारी मात्रै लाभान्वित छैनन्, सीमानाकाबाट तस्करीको चिनी काठमाडौं पुऱ्याएर महँगोमा बेच्दासम्म सीमानाकामा खटिएका प्रहरी, प्रशासनदेखि सरोकारका मन्त्रालयसम्मलाई प्रभावमा नपारी यत्रो धन्धा चलाउन सम्भव छैन । मूल्यमा मनपरी मच्चाएर उपभोक्ता ठग्ने धन्धामा व्यापारी मात्र होइन, स्वयम् चिनी उद्योगीसमेत संलग्न भएको आशङ्कालाई तथ्यहरूले बल पुऱ्याएका छन् ।

चिनीमा चलखेलबारे भेउ पाउन यसको तथ्याङ्कीय अवस्था थाहा पाउनु सान्दर्भिक हुन्छ। यस वर्ष स्वदेशका चिनी उद्योगले एक लाख ७६ हजार पाँच सय टन चिनी उत्पादन गरेका छन्। स्वदेशी बजारमा कुल माग तीन लाख टन छ। विगतका वर्षहरूमा सरकारले भन्सार सहुलियतमा प्रत्येक वर्ष ५० हजार टन चिनी आयातको अनुमति दिएर बजार सन्तुलन कायम गर्दै आएकोमा बितेका दुई वर्षयता यस्तो चिनी भित्रिएको छैन। यही समयमा भारतले आफ्नो बजार सन्तुलन मिलाउन चिनीको निर्यात रोकेपछि हाम्रो आन्तरिक बजारमा चिनी उत्पादक र तस्करको मनोमानी चल्ने अवस्था सिर्जना भएको हो ।

चिनी उद्योगीलाई संरक्षण गर्न भन्दै सरकारले यसको आयातमा ३० प्रतिशत भन्सार महसूल लगाइदिएको छ । सामान्यतः आत्मनिर्भर उद्योगलाई जोगाउन र बजारमा मूल्यमा मनोमानीसमेत नहुनेगरी भन्सारदर राखिनुपर्नेमा सरकारले तोकेको उच्च दरको महसूल नै चिनी उद्यमी र तस्करका लागि कमाउने माहोल बनेको छ। भारतले चिनी निकासीमा प्रतिबन्ध लगाएको र भन्सारदर उच्च भएपछि उद्योगीले पनि मूल्य उच्च राखेका छन्।

दुई नम्बरी बाटोबाट जति चिनी भित्रिए पनि माग र आपूर्तिबीच फराकिलो अन्तरका कारण जति चर्को मूल्य राख्दा पनि फरक नपर्ने भएपछि उद्योगीले मनपरी चलाएका छन्। तस्करहरू पनि के कम ? उद्योगीले राखेकै मूल्यको हाराहारीमा चिनी बेचिरहेका छन्। उखु क्रसिङको समयमा चिनी कारखानाको मूल्य ८० रुपैयाँसम्म रहेकामा अहिले मूअकरसहित ९५ रुपैयाँ पुऱ्याइएको छ। तर ९५ रुपैयाँको बील दिएर ११५ रुपैयाँभन्दा बढीमा बेचिरहेको दाबी व्यापारीहरूको छ । यो मूल्य खुद्रामा पुग्दा १४० रुपैयाँको हाराहारीमा पुगिरहेको छ ।

चिनीको बजारमा देखिएको बेथिति हेर्दा सरकारी निकायका अधिकारीहरू पनि यो बेथितिमा मिलेको आभास हुनु अस्वाभाविक होइन। बजारमा उपभोग्य वस्तुको आपूर्ति र अनुगमनको जिम्मेवारी लिएर बसेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले दुई वर्षदेखि चिनी आयातको अनुमति नदिनु र बजारमा चिनीको मूल्यमा मनपरी हुँदासमेत कानमा तेल हालेर बस्नु शङ्कास्पद छ । चिनी उत्पादक र तस्करलाई सहयोग पुग्नेगरी सरकारको मौनता अर्थपूर्ण छ । अहिले मूल्य अराजकताका बारेमा समाचार आउन थालेपछि वाणिज्य मन्त्रालयले २० हजार टन चिनी आयातको अनुमति दिएको छ। यो चिनी चाडपर्वको समयमा आउनेमा आशङ्का छ। यो चिनी भित्रिएन भने अन्य समयभन्दा माग दोब्बर हुने र चाडपर्वमा चिनीको भाउ अझ उकालो लाग्नेमा द्विविधा आवश्यक छैन।

चौतर्फी आलोचना भएपछि सरकार यतिखेर अनुगमनको कर्मकाण्डमा उत्रिएको छ। उद्योग र ठूला व्यापारीले बदमाशी गरिरहेका छन् । तर सरकार खुद्रा व्यापारीकहाँ छापा मारिरहेको छ। यसबाट ससानो परिमाणमा चिनी बिक्री गर्नेहरू मात्र कारबाहीमा पर्ने, तर कालोबजारीका मूल नाइकेहरू उम्किने काम भइरहेको छ । एकातिर उद्योगीहरूले चिनीको बोरामा अधिकतम खुद्रा मूल्य उल्लेख गर्ने व्यवस्था छ। यो धेरैजसोले पालना गरेका छैनन् । सरकारले यही मूल्यमा कडाइ गरे मात्र पनि चिनीको खुद्रा मूल्य ११०-११५ बाट माथि नजाने अवस्था हुन सक्छ । तर सरकार यसमा जान चाहेको छैन, खुद्रापसलमा छापा मारेर अनुगमनको कर्मकाण्ड चलाइराखेको छ । यसले सरोकारका मन्त्रालय र त्यसका जिम्मेवार पदाधिकारीहरू कालोबजारीसँग घाँटी जोडेर बसेको आरोप अस्वीकार गर्नुपर्ने आधार कमजोर देखिन्छ ।

अर्को पक्ष पनि हेरौं, उद्यमीले भनेको अहिलेको ११० रुपैयाँ प्रतिकिलो मूल्यलाई नै आधार मान्ने हो भने पनि यो व्यावहारिक देखिन्न । भारतका उपभोक्ताले भुक्तान गरिरहेको मूल्य ६४ रुपैयाँ (भारु ४०) हुँदा हामीले दोब्बरभन्दा बढी मूल्य किन तिर्नुपर्ने ? उत्पादकहरू सिजनमैं कारखाना मूल्य ८० रुपैयाँको हाराहारी पर्ने बताउँछन्। उत्पादन लागत यति उच्च किन ? जबकि भारतमा यस्तो लागत बर्सेनि घटिरहेको छ ।

उखुको मूल्य नै बढी परेकोले लागत बढी परेको उद्योगीको सदाबहार गुनासो छ । भारतले उद्योगीदेखि किसानलाई अनेक प्रकारका अनुदान दिएको छ । भारतले आफ्ना किसानलाई सिंचाइ, मलखाद, उपकरण, रोगको उपचारलगायतमा ७० प्रतिशतसम्म सहुलियत दिएको छ । हामीकहाँ भने मूअकर फिर्ताको रकमसमेत समयमा नपाउने अवस्था छ । भारतले चिनी उत्पादन बढेको समयमा निकासीमा भारु ५५ अर्ब रुपैयाँ अनुदान बाँडेको थियो । भारतले बजारको नियमित अध्ययन अनुसन्धान गरी आवश्यकता अनुसार निकासी रोक्नेदेखि निकासीमा अनुदान दिने नीति लिने गरेको छ । हामीकहाँ सरकारले यो झन्झट बिसाउन चाहँदैन। स्वदेशी उद्योगको लागत कसरी घटाउने, बजारलाई कसरी पारदर्शी र उपभोक्तामैत्री बनाउने भन्नेमा सरकारको कुनै चासो छैन । नीति निर्माताहरू भन्सारमा ३०-४० प्रतिशतसम्म राजस्व भिडाइ दिएर गैरजिम्मेवारी बाटो अख्तियार गरिराखेका छन् । उद्योगी, तस्कर, कालोबजारदेखि लिएर यसबाट आउने कालो कमाइबाट सरकारका तहगत विशिष्टहरू पनि लाभान्वित भएपछि उपभोक्ता भाडमा जाऊन्, चासो राख्ने कोही भएन ।

उद्योगीलाई पनि हाइसन्चो, न उन्नत प्रविधि भित्र्याउनुपर्‍यो, न प्रतिस्पर्धी दक्षता नै चाहियो। जुन बजारमा हामीले प्रतिस्पर्धा गर्नुपर्ने हो, त्यही बजारबाट फालिएको प्रविधि ल्याएर यहाँ उत्पादन भइरहेको छ भने प्रतिस्पर्धाका लागि खोज्ने भनेको त भन्सारमा महसूलको छेको नै हो । स्मरण हुन्छ, एकताका अन्तर्राष्ट्रिय बजारमा चिनी सस्तिएसँगै स्वदेशी उद्योगले आयातित चिनीमा भन्सार महसूल बढाउन दौडधूप गऱ्यो। त्यस बेला चिनीमा बढाइएको महसूल अहिले स्रोतमैं निर्यात रोकिएको अवस्थामा पनि घटाउन आवश्यक ठानिएको छैन। ४० प्रतिशत बनाइएको महसूललाई ३० प्रतिशतमा झारिएको छ । यतिखेर यो उच्चदरमा महसूल कालोबजारीका लागि कमाउने औजार बनेको छ ।

# प्रधानमन्त्री दाहाल र चीनका राष्ट्रपति सीबीच ऐतिहासिक भेटवार्ता

काठमाडौं, ६ असोज/रासस

पुष्पकमल दाहाल प्रचण्ड र चीनका राष्ट्रपति सी जिनपिङबीच शनिवार ऐतिहासिक भेटवार्ता सम्पन्न भएको छ।



तस्वीरः रासस

चीनको साताव्यापी भ्रमणका लागि शनिवार हाङ्चाउ आइपुगेका प्रम प्रचण्डले चिनियाँ राष्ट्रपति सीसँग द्विपक्षीय हितका विविध विषयमा खुला र स्पष्टरूपमा छलफल गरेका प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

"वार्तामा दुवै नेताबीच क्षेत्रीय स्थिरता, शान्ति र समृद्धिका लागि सबै क्षेत्रीय शक्तिबीच साझा सहकार्य जरुरी रहेको कुरामा सहमति रह्यो । दुवै नेताबीच एकअर्काको चासो र संवेदनशीलता बुझेर आपसी सहकार्य अझ सघन बनाउने विषयमा छलफल भएको छ," प्रधानमन्त्री सचिवालयले उल्लेख गरेको छ। नेपालको आर्थिक, सामाजिक विकासमा सहकार्य र सहयोग गर्न चीन तयार रहेको सन्देश राष्ट्रपति सीले दिएको बताइएको छ ।

प्रधानमन्त्री दाहाल र चिनियाँ राष्ट्रपति सीबीच एक्लाएक्लै र प्रतिनिधिमण्डलसँग सामूहिकरूपमा समेत गरी एक घण्टा लामो छलफल भएको थियो । शान्तिपूर्ण सहअस्तिस्वका पाँच सिद्धान्तका आधारमा आपसी सम्मान, समर्थन तथा समान अस्तित्वका साथ अघि बढ्ने विषय छलफलमा उठेको जनाइएको छ । चीनका राष्ट्रपति सीले भूगोलका आधारमा ठूलो-सानो देशको कुनै भेदभावविना समान र सहअस्तित्वका साथ अत्यन्तै नजीकको सम्बन्ध अघि बढाएको स्मरण गर्दै आगामी दिनमा दुई देशबीचको सम्बन्ध थप उचाइमा पुग्ने बताएको थिए ।

प्रधानमन्त्री प्रचण्डले चीन र नेपालबीच विगत लामो समयदेखिको ऐतिहासिक सम्बन्धको चर्चा गर्दै अहिलेको परिस्थितिमा सीले अघि सारेका नवीनतम अवधारणा यस क्षेत्रको शान्ति र प्रगतिका लागि महत्त्वपूर्ण रहेको बताए । उनले एक चीन नीतिप्रतिको प्रतिबद्धता व्यवहारबाटै पुष्टि गरेको उल्लेख गर्दै नेपालले स्वतन्त्र र असंलग्न परराष्ट्र नीति अङ्गिकार गरेको र यो वा त्यो नामका कुनै पनि सैन्य रणनीतिक योजनामा सामेल हुन नसक्ने प्रस्ट पारे ।

प्रधानमन्त्री प्रचण्डले चीनले अघि सारेको 'बेल्ट एन्ड रोड' अवधारणाले नेपालको पूर्वाधार विकासमा महत्त्वपूर्ण परिवर्तन ल्याउन सक्ने भएकाले यसअघि नै नेपालले उक्त अवधारणामा सहमति जनाइसकेको स्मरण गरे । चीनको विकासले एशिया क्षेत्रकै विकासमा सहयोग पुग्ने अपेक्षा प्रधानमन्त्री प्रचण्डले गरे ।

राष्ट्रपति सीले प्रधानमन्त्री दाहालसँगको यसअघिका भेटको चर्चा गर्दै आफू राष्ट्रपति हुनासाथ दक्षिण एशियाबाट पहिलो नेताका रूपमा चीनमा स्वागत गरेको स्मरण गरे । उनले यस किसिमका छलफलले दुई देशबीचका सम्बन्ध र विश्वासलाई अझ सुदृढ गर्ने बताए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## खेलकूदको माध्यमबाट शान्ति र एकता प्रवर्द्धन गर्न चिनियाँ राष्ट्रपतिको आह्वान

हाङ्झाउ, ६ असोज/सिन्ह्वा

चीनका राष्ट्रपति सी जिनपिङले खेलकूदको माध्यमबाट शान्ति र एकता प्रवर्द्धन गर्न चिनियाँ राष्ट्रपतिको आह्वान गरेका छन् ।

चीनको हाङ्झाउमा आयोजित १९औं एशियाली खेलकूद प्रतियोगिताको उद्घाटन समारोहअघि शनिवार आयोजित स्वागत समारोहमा चिनियाँ राष्ट्रपतिले खेलकूदमार्फत शान्ति, एकता र समावेशिता प्रवर्द्धन गर्न आह्वान गरेका हुन् ।

राष्ट्रपति सीले साझा भविष्य भएका समुदायको सदस्यका रूपमा एशियाली राष्ट्रहरूले असल छिमेकी र पारस्परिक हितलाई प्रवर्द्धन गर्दै शीतयुद्धको मानसिकता त्यागेर विश्व शान्तिका निम्ति योगदान गर्नुपर्नेमा जोड दिए ।

विश्वव्यापीरूपमा मानवजातिले अकल्पनीय चुनौतीहरूको सामना गरिरहेको उल्लेख गर्दै चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव सीले एशियाली जनताले ती चुनौतीहरूलाई पनि ऐतिहासिक अवसरका रूपमा लिएर एकजुट भई सामना गर्नुपर्ने बताए। उनले साझा विकास, खुलापन र एकताको बाटोमा अघि बढ्नुको विकल्प नभएको उल्लेख गरे ।

"एशियाली खेलकूदले एकअर्कालाई सांस्कृतिकरूपमा समेत समीप ल्याउँछ र एकअर्कालाई समृद्ध बनाउँछ। एशियाली संस्कृतिबाट एकअर्कालाई सिक्न, बुझ्न र एशियाली सभ्यता अनुभूत गर्न मदत पुग्नेछ," खेलकूदको माध्यमबाट समावेशिता प्रवर्द्धन हुने तथा आपसी विश्वास वृद्धि हुने बताउँदै राष्ट्रपति सीले भने ।

यही असोज २१ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा अफगानिस्तान, बहराइन, बङ्गलादेश, भुटान, ब्रुनाई, कम्बोडिया, चीन, चाइनिज ताइपेई, हङकङ, भारत, इन्डोनेशिया, इरान, इराक, जापान, जोर्डन, कजाकस्तान, कुवेत, किर्गिस्तान, लाओस, लेबनान,


तस्वीर: सिन्ह्वा

मकाउ, मलेशिया, मालदिभ्स, मङ्गोलिया, म्यान्मा, नेपालसहित ४५ देशले विभिन्न खेलमा प्रतिस्पर्धा गर्नेछन् ।

त्यसैगरी, प्रतियोगितामा उत्तर कोरिया, ओमान, पाकिस्तान, प्यालेस्टाइन, फिलिपिन्स, कतार, साउदी अरब, सिङ्गापुर, दक्षिण कोरिया, श्रीलङ्का, सिरिया, ताजकिस्तान, थाइल्यान्ड, टिमोर लेत्से, तुर्कमेनिस्तान, संयुक्त अरब इमिरेट्स, उज्वेकिस्तान, भियतनाम र यमनका खेलाडी सहभागी छन् ।

४८ देश भएको एशिया महादेशका चार मुलुक युक्रेन, रूस, बेलारूस र इजरायल उक्त प्रतियोगितामा सहभागी छैनन् ।

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी ( आइओसी)ले युक्रेनमा रूसले आक्रमण गरेकोले मस्कोविरुद्ध प्रतिबन्ध लगाएको छ भने रूसको सहयोगी बेलारूसलाई पनि युक्रेन युद्धमा सघाएकोले आइओसीले प्रतिबन्ध लगाएको हो । धेरै अरब मुलुक उक्त प्रतियोगितामा सहभागी भएकाले विगतदेखि नै इजरायल एशियाली खेलकूद प्रतियोगिताबाट बाहिर रहँदै आएको छ ।

एशियाड पनि भनिने यो खेलकूद प्रतियोगिताको आयोजना चीनले तेस्रोपटक गरेको हो । सन् १९९० मा बेइजिङ र सन् २०१० ग्वाङ्झाउमा एशियाड भएको थियो । कोभिड महामारीका कारण निर्धारित मितिमा हुन नसकेको यो प्रतियोगिताको औपचारिक संस्करण एशियाड २०२२ हो ।

६१ खेलमा स्पर्धा हुने उक्त प्रतियोगिता अन्तर्गत ५६ स्थानमा खेल हुनेछन् भने ४८१ वटा स्वर्णपदकलाई लक्ष्य बनाएर ४८ देशका खेलाडी मैदानमा उत्रेका छन् । औपचारिकरूपमा शनिवार अपराह्न प्रारम्भ हुने एशियाडका क्रिकेट, फूटबल, भलिबल, बिचभलिबललगायत खेल असोज २ गतेदेखि नै भइरहेका छन् । रासस

## तीस देशका सेनाप्रमुख दिल्लीमा भेला हुँदै

नयाँ दिल्ली, ६ असोज/एएनआई

हिन्द–प्रशान्त क्षेत्रमा शान्ति र स्थायित्व प्रवर्द्धन गर्ने उद्देश्यले यही असोज ८ देखि १० गतेसम्म भारतको राष्ट्रिय राजधानी नयाँ दिल्लीमा यस क्षेत्रका सेनाप्रमुखको सम्मेलन हुने भएको छ ।

सम्मेलनमा ३० भन्दा बढी देशका प्रधानसेनापतिले भाग लिने भारतीय सेनाका अधिकारीहरूले बताएका छन् । उनीहरूका अनुसार सम्मेलनको मुख्य उद्देश्य हिन्द–प्रशान्त क्षेत्रका मुलुकबीच साझेदारी एवं सहकार्य, विचार आदानप्रदान र आपसी समझदारी विकास गर्नु हो । सम्मेलनमा आपसी हित र सुरक्षा चासोका विषयमा छलफल हुनेछ ।

आपसी समझदारी, सुरक्षासँग सम्बन्धित सबै विषयमा विचार एवं आपराधिक/आतङ्कवादी गतिविधि हुन नदिन सूचना आदानप्रदान, यस क्षेत्रमा शान्ति एवं स्थायित्व प्रवर्द्धन, आपसी समझदारी र संवादको प्रक्रियालाई निरन्तररूपमा अघि बढाउन सम्मेलन महत्त्वपूर्ण हुने भारतीय सेनाले जनाएको छ । सम्मेलनमा अमेरिका, फ्रान्स र बेलायतलगायत देशका प्रधानसेनापति एवं तिनका प्रतिनिधिले भाग लिने भारतीय सेनाले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । रासस

## युक्रेनलाई लामो दूरीमा प्रहार गर्ने क्षेप्यास्त्र दिँदै अमेरिका

वाशिङ्टन, ६ असोज/एपी

अमेरिकाले युक्रेनलाई लामो दूरीमा प्रहार गर्ने क्षमताका क्षेप्यास्त्र युक्रेनलाई प्रदान गर्ने भएको छ । राष्ट्रपति जो बाइडेनले युक्रेनलाई लामो दूरीका क्षेप्यास्त्र चाँडै उपलब्ध गराउने योजना बनाएका छन् ।

युक्रेनी राष्ट्रपतिसँग वाशिङ्टनमा भेटवार्ता गरेपछि किएभलाई रूसका भित्री भागसम्म प्रहार गर्ने क्षमताका हतियार दिने निष्कर्षमा उनी पुगेको हतियार सहायतासम्बन्धी विषयसँग परिचित एकजना अधिकारीले बताएका हुन् । युक्रेनले अब तीन सय किलोमिटर टाढासम्म प्रहार गर्ने क्षमताका एटिएसिएमएस क्षेप्यास्त्र प्राप्त गर्ने उनले बताए ।

यसैबीच, युक्रेनले शुक्रवार प्रहार गरेको क्षेप्यास्त्रले रूसको ब्ल्याक सी फ्लीटको मुख्यालयमा क्षति गरेको छ । एक युक्रेनी सैन्य स्रोतका अनुसार सेभास्टोपोल बन्दरगाहमा बेलायत र फ्रान्सले प्रदान गरेका स्टोर्म स्याडो क्षेप्यास्त्र आक्रमण गरिएको हो । यी क्षेप्यास्त्र बढीमा १०२ किलोमिटर टाढासम्म प्रहार गर्ने क्षमताका हुन् । रासस


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## मधेस विश्वविद्यालयमा कानून सङ्कायको पठनपाठन हुने

वीरगंज, ६ असोज/रासस

मधेस विश्वविद्यालयले आगामी मङ्सिर ४ गतेदेखि कानून सङ्कायको पठनपाठन शुरू गर्ने भएको छ ।

स्थापना भएको पहिलो एक वर्षमैं पठनपाठन शुरू गर्न लागेको कानून सङ्कायतर्फ बिए एलएलबीमा अहिले विद्यार्थीहरूको नाम दर्ता भइरहेको र आउँदो मङ्सिर ४ गतेदेखि पठनपाठन सञ्चालन हुने विश्वविद्यालय प्रशासनले जनाएको छ ।

"कानून सङ्कायतर्फ बिए एलएलबीमा भर्ना हुने विद्यार्थीको छनोट प्रवेश परीक्षाबाट गरिएको र छनोट भएका विद्यार्थीको यही असोज १५ गतेसम्म नाम दर्ता हुन्छ," मधेस विश्वविद्यालयका रजिस्ट्रार विजयकुमार यादवले भने, "त्यसपछि हिन्दू धर्मावलम्बीहरूको चाडपर्व नै शुरू हुन्छ, त्यसैले छठ पर्वपछि कक्षा सञ्चालन हुनेछ ।" अहिलेसम्म ७०–८० जना विद्यार्थीले नाम दर्ता गराइसकेको उनको भनाइ छ ।

विद्यार्थी छनोटका लागि ८० पूर्णाङ्कको मौखिक र २० पूर्णाङ्कको अन्तर्वार्ता परीक्षा लिएको विश्वविद्यालयले जनाएको छ । उनका अनुसार विश्वविद्यालयमा अध्ययनका लागि कक्षा १२ वा प्रवीणता प्रमाणपत्र तहको परीक्षामा न्यूनतम ५० प्रतिशत वा सी प्लस अङ्क ल्याएको हुनुपर्ने मापदण्ड तय गरिएको छ ।

मधेस विश्वविद्यालयलाई कानून सङ्कायतर्फ ११०, जनप्रशासनतर्फ ५५ वटा कोटा निर्धारण गरिएको छ । पठनपाठनका लागि मधेस विश्वविद्यालयद्वारा गठित पाठ्यक्रम विकास समिति र काठमाडौं




विश्वविद्यालयको विज्ञ टोलीले तयार पारेको पाठ्यक्रम पारित भइसकेको छ ।

विश्वविद्यालयको तत्काल आफ्नो संरचना निर्माण भइनसकेकाले काठमाडौं विश्वविद्यालयको समन्वयमा यी दुवै सङ्कायको पठनपाठन शुरू गर्ने तयारी गरेको छ । त्यससँगै विश्वविद्यालयले आवश्यक पूर्वाधार निर्माणको कार्यलाई समेत अघि बढाएको छ ।

गत २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन, २०७९ जारी भई २०७९ भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले एक वर्षकै अवधिमा दुई सङ्कायको पठनपाठन शुरू गर्न लागेको छ । विश्वविद्यालयले वीरगंजस्थित नेशनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ ।

पोलिटेक्निक, आइटी, व्यवस्थापन, पारामेडिकल, कृषि इन्जिनीयरिङलगायतका प्राविधिक शिक्षाको माध्यमबाट मधेस प्रदेशलाई प्राविधिक शिक्षाको 'हब'का रूपमा विकास गर्ने उद्देश्यका साथ अघि बढेको मधेस विश्वविद्यालयले जग्गाप्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि डिपिआर तयारीमा जुटेको विश्वविद्यालयका उपकुलपति डा दीपक शाक्यले जानकारी दिए ।

## पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप असोज १० गतेसम्म

काठमाडौं, ६ असोज/रासस

किशोरीलाई लगाइने पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप 'एचपिभी' अभियानको समय थप गरिएको छ । यही असोज ५ गतेसम्म सञ्चालन गर्ने भनिएको खोप अभियान पाँच दिन थप गरी असोज १० गतेसम्म सञ्चालन हुने भएको हो ।

स्वास्थ्य सेवा विभाग अन्तर्गत परिवार कल्याण महाशाखाको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले शैक्षिक हडताल, संविधान दिवसलगायत कारणले लगातार बिदा परेकाले खोप लगाउने समय थप गरिएको जानकारी दिए । उनका अनुसार यसअघि पनि बिदा परेकाले विद्यार्थी खोप लगाउन नआएपछि पाँच दिन थप गरिएको थियो ।

"लगातारको सार्वजनिक बिदाले विद्यार्थी (किशोरी) खोप लगाउन आएनन्," डा गौतमले भने, "त्यही भएर लक्षित किशोरीलाई खोप लगाउनका लागि समय थप गरिएको हो ।" तीज, संविधान दिवस र शैक्षिक हडतालले खोप लगाउने कार्य प्रभावित भएको उनको भनाइ थियो ।

डा गौतमका अनुसार अहिलेसम्म ६४.४३ किशोरीले मात्र एचपिभी खोप लगाएका छन् । सरकारले पाठेघरको मुखमा हुने क्यान्सरविरुद्धको खोप 'एचपिभी' नौ हजार ९९९ किशोरीलाई लगाउने लक्ष्य राखेकामा अहिलेसम्म छ हजार ४४२ किशोरीले खोप लगाइसकेका उनले जानकारी दिए ।

कोशी प्रदेशका सबै किशोरीले खोप लगाइसकेका छन् भने मधेस प्रदेशको वीरगंजस्थित नारायणी अस्पतालमा एक हजार २७२, बाग्मती प्रदेशको परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा ८२५, गण्डकी प्रदेशको गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ८५९, लुम्बिनी प्रदेशको भेरी अस्पताल बाँकेमा ४८९, कर्णाली प्रदेशको प्रादेशिक अस्पताल सुर्खेतमा ७८५ र सुदूरपश्चिम प्रदेशको डडेल्धुरा अस्पतालमा १९३ जना किशोरीले एचपिभी खोप लगाइसकेका खोप शाखाका प्रमुख डा गौतमले जानकारी दिए । उनका अनुसार सबैभन्दा कम प्रसूति अस्पतालमा २७ प्रतिशत किशोरीले मात्र खोप लगाएका छन् ।

यही भदौ २७ गते सात प्रदेशका सातवटै अस्पतालबाट १४ वर्ष उमेर पूरा भई १५ वर्ष नकटेका किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउनका लागि एचपिभी खोप 'डेमोस्ट्रेसन'का रूपमा सञ्चालन गरिएको छ । खोपको पहिलो मात्रा अहिले दिइने र छ महीनापछि दोस्रो मात्रा दिइनेछ ।

एचपिभी खोप दुई मात्रा लगाए पाठेघरको मुखमा हुने क्यान्सरको सङ्क्रमणबाट ९५ प्रतिशत सुरक्षा प्रदान गर्ने डा गौतमले बताए । यसअघि सरकारले सन् २०१६/१७ मा पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप नमूनाका रूपमा चितवन र कास्कीमा सञ्चालन गरेको थियो ।

## शिक्षकसँगको सहमति कार्यान्वयन सांसदको हातमा –शिक्षामन्त्री राई

काठमाडौं, ६ असोज/रासस

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले नेपाल शिक्षक महासङ्घसँग भएको छ बुँदे सहमति कार्यान्वयन सार्वभौम संसद्का सदस्यको हातमा रहेको बताएका छ ।

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई)को २०औं वार्षिकोत्सवका अवसरमा शनिवार आयोजित कार्यक्रममा मन्त्री राईले संसद्मा दर्ता भइसकेको विद्यालय शिक्षासम्बन्धी विधेयकमा सम्बोधन हुनुपर्ने विषय संसद्ले गर्ने स्पष्ट गरे ।

उनले सोको लागि सरकारले सहजीकरण गर्ने बताए । कार्यक्रममा नेपाली काङ्ग्रेसका नेता बद्री पाण्डेले संसद्मा पुगेको विधेयकबारे सम्बन्धित समितिले गम्भीर छलफल गरेर सहमतिका आधारमा निष्कर्ष निकाल्ने बताए ।

नेकपा (एमाले)का सचिव योगेशकुमार भट्टराईले सरकार शैक्षिक सरोकारका विषयमा संवेदनशील नभएकाले शिक्षकले आन्दोलन गर्न बाध्य हुनुपरेको टिप्पणी गरे । नेकपा (माओवादी केन्द्र)का नेता दिनानाथ शर्माले लामो समयको प्रतीक्षापछि शिक्षा विधेयक तयार हुनु सकारात्मक भएको र यसलाई राजनीतिक दल र सांसदले गहन छलफल गरेर भविष्यका कर्णधारको गुणस्तरीय शिक्षाको अधिकार स्थापित गर्नुपर्ने बताए ।

नेपाल सरकारसँग शुक्रवार छ बुँदे सहमतिपछि महासङ्घले आन्दोलनका सबै कार्यक्रम फिर्ता लिएको थियो ।

### शिक्षकहरू घर फर्कंदै, छुटेको कक्षा बिदामा पढाइने

नेपाल शिक्षक महासङ्घले काठमाडौं केन्द्रित आन्दोलनका कारण छुटेको दुई दिनको पढाइका लागि अनुकूलता अनुसार सट्टा पठनपाठन गराउने जनाएको छ ।

महासङ्घका अध्यक्ष कमला तुलाधर र लक्ष्मीकिशोर सुवेदीले शनिवार जारी गरेको विज्ञप्तिमा छुटेको कक्षा बिदाका समयमा सञ्चालन गर्न सामुदायिक विद्यालयका शिक्षकलाई आग्रह गरिएको छ ।

नेपाल सरकारसँग शुक्रवार भएको छ बुँदे सहमति महत्त्वपूर्ण भएकाले आन्दोलनका सबै कार्यक्रम फिर्ता लिएको जनाउँदै महासङ्घले आन्दोलनमा सहभागी सम्पूर्ण शिक्षक तथा कर्मचारीमा धन्यवाद दिएको छ । आन्दोलनका कार्यक्रम फिर्ता भएसँगै काठमाडौंबाहिरबाट आएका शिक्षक घर फर्कन थालेका छन् ।

विद्यालय शिक्षासम्बन्धी संसद्मा दर्ता भएको विधेयकमा असन्तुष्टि जनाउँदै महासङ्घले यही असोज ३, ४ र ५ गते काठमाडौंमा आन्दोलन गरेको थियो । असोज ३ गते सार्वजनिक बिदा परेकाले दुई दिनको पढाइ अवरुद्ध भएको थियो ।

# राजभर समुदायको भेला सम्पन्न

प्रस, पर्सागढी, ६ असोज/

नेपाल राजभर समुदाय पर्सा–बाराको शनिवार जीतपुरसिमरा उपमहानगरपालिका–७ गढीमाई मन्दिर धर्मशालामा अधिवेशन सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथि चन्द्रिका राजभरले राजभर समाज अहिले पनि पछि परेको बताए। उनले सङ्गठन नभएको र एकापसबीच परिचय नहुँदा समाजले गति लिन नसकेको बताए। उनले यसका लागि राजभर समाज साङ्गठनिकरूपमा मजबूत हुनुपर्ने तर्क गरे। प्रमुख अतिथि राजभरले आफ्नो समाजमा चेतनाको कमी भएको र सङ्ख्यात्मक गणना हुन नसक्दा अहिले पनि छोरीको विवाह भारतको बिहारमा गर्नुपर्ने बाध्यता रहेको बताए।

अधिवेशनले रूपनारायण राजभरको अध्यक्षतामा २१ सदस्यीय समिति गठन भएको छ। समितिको उपाध्यक्ष अनमतिया राजभर, सचिव हरिन्द्र राजभर, सहसचिव प्रभादेवी राजभर, कोषाध्यक्ष बिन्दा राजभरलगायत रहेका छन्।



तस्वीरः प्रतीक

## सुरक्षाकर्मीद्वारा सरसफाइ

प्रस, सिकटा, ६ असोज/

छिपहरमाई गाउँपालिका–५ मा सुरक्षाकर्मीहरूले सरसफाइ अभियान सञ्चालन गरेका छन्।

नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले स्थानीयसँग सहकार्य गरेर छिपहरमाई गाउँपालिकामा आज सरसफाइ गरेका हुन्। उनीहरूले विद्यालय, सडकमा सरसफाइ गरेका थिए।

# रजतजयन्ती चोकमा वृक्षारोपण

प्रस, वीरगंज, ६ असोज/

एलाइट युथ सोसाइटी र पहिलो पाइला नेपालको संयुक्त आयोजनामा वीरगंज–१६ रजतजयन्ती चोकमा वृक्षारोपण गरिएको छ।

नगरप्रमुख राजेशमान सिंहले वृक्षारोपण कार्यक्रमको उद्घाटन गर्दै महानगरलाई हरियाली बनाउन खाली स्थान र चोकचोकमा वृक्षारोपण गर्न सबैलाई आग्रह गरे। उनले युवाहरूजस्तै सबै क्षेत्रको साथ र सहयोग पाएको खण्डमा वीरगंजलाई वैभव बनाउन समय नलाग्ने दाबी गरे।

कार्यक्रममा मधेस विश्वविद्यालयका उपकुलपति प्राडा दीपक साक्य, सशस्त्र प्रहरी नायब उपरीक्षक देवेन्द्र सिंह, एलाइट युथ सोसाइटीका अध्यक्ष ओमकार झा, पहिलो पाइला नेपालका उपाध्यक्ष राजु साहलगायतको सहभागिता थियो।


## हेलो सरकारले के गर्छ ?

- सार्वजनिक निकायमा हुने भेदभाव, वञ्चिति, सेवाप्राप्तिमा अवरोध, नोक्सानी एवं कुनै पीरमर्काबारे नागरिकका गुनासा सुन्छ।
- कतिपय गुनासो कार्यकक्षबाटै सम्बन्धित निकायसँग सम्पर्क गरी सम्बोधन हुन्छ।
- गुनासा सम्बोधनका लागि सम्बन्धित निकायहरूमा निर्देशनसहित पठाउँछ।
- गुनासोउपर कारबाई भए नभएको नियमित ताकेता।
- गुनासो व्यवस्थापन गर्ने जिम्मेवार अधिकारीसँग निरन्तर छलफल हुन्छ।

**त्यसैले,**

**आफूलाई परेको पीरमर्का तथा गुनासो हेलो सरकारमा टिपाऔं, समस्याको समाधान खोजौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड







## वडासदस्य चमइनको निधन

प्रस, बिरुवागुठी, ६ असोज/

पर्सागढी नगरपालिका–७ की वडासदस्य फूलमतियादेवी चमइनको शनिवार बिहान निधन भएको छ।

४५ वर्षीया चमइन एक महीनादेखि बिरामी थिइन् र आज उनको निधन भएको पारिवारिक स्रोतले जनाएको छ। उनी नेपाली काङ्ग्रेसबाट निर्वाचित वडासदस्य हुन्।

उनको निधनमा शोक व्यक्त गर्दै नेपाली काङ्ग्रेस मधेस प्रदेश कमिटीका सदस्य एवं पूर्वनगरप्रमुख लोकनारायण यादव, वडाध्यक्ष शङ्कर रायभर, नेका क्षेत्रीय कोषाध्यक्ष विनोद ठाकुर, नगर उपसभापति अच्छेलाल यादव, वडा सभापति शम्भु पटेलले नेपाली काङ्ग्रेसको झन्डा ओढाएर सम्मान व्यक्त गरेका थिए।

चमइनको आजै हिन्दू परम्परा अनुसार गाउँनजीक अन्तिम संस्कार गरिएको थियो।

### कानू समाजको भेला ...

अध्यक्ष जगतसाह कानू, कानु समाज नेपालका उपाध्यक्ष सोनालाल गुप्ता, कोषाध्यक्ष ओमप्रकाश साह कानू, डा मनोज गुप्ता, कलैयाका चार्टर्ड एकाउन्टेन्ट गोविन्द गुप्ता, अनामिका गुप्ता, अतिथि सदनका उपाध्यक्ष श्रवणप्रसाद साह, श्यामप्रसाद गुप्ता, कोषाध्यक्ष सञ्जयप्रसाद गुप्ता, महासचिव वीरेन्द्रप्रसाद गुप्ता, सचिव विवेक गुप्ता, सदस्य अकलेश साह, विजय गुप्ता, लक्ष्मीनारायण गुप्ता, मुकेश गुप्ता, उमाशङ्कर गुप्ता, सञ्चारकर्मी विमला गुप्तालगायतको सहभागिता थियो।

### जनताको गुनासो ...

स्थानीयको सल्लाह, सुझाव अनुसार आफूले काम अगाडि बढाइरहेको र यसका लागि पछि नपर्ने बताए।

कार्यक्रममा महानगरका योजना प्रमुख अवधेश कुशवाहा, प्राविधिक सल्लाहकार प्रकाश अमात्यलगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## खेलकूद महासङ्घको धोबिनीमा भेला

प्रस, पोखरिया, ६ असोज/

धोबिनी गाउँपालिकामा नेकपा एमालेनिकट नेपाल खेलकूद महासङ्घको पालिकास्तरीय भेला सम्पन्न भएको छ। शनिवार सम्पन्न भेलाको उद्घाटन एमाले प्रदेश समिति सदस्य सलाउद्दीन अहमदले गरेका थिए। उनले खेलकूदको भूमिका




तस्वीरः प्रतीक

अत्यन्त महत्त्वपूर्ण भएको र मानव स्वास्थ्यको लागि खेलकूद अपरिहार्य भएको बताए। उनले खेलको माध्यमबाट विश्वसँग जोडिन सकिने हुँदा खेललाई प्राथमिकतामा राखिनुपर्ने बताए।

आज सम्पन्न भेलाले फैयाज अहमदको अध्यक्षतामा २५ सदस्यीय नेपाल खेलकूद महासङ्घ धोबिनी गाउँपालिका गठन गरेको छ।

समितिको उपाध्यक्ष धीरज साह, अजयकुमार, सुरज राम, महेश ठाकुर, कोषाध्यक्ष अभिषेक पटेल, सचिव विश्वेश्वर पटेल, उपसचिव रामप्रवेश पटेललगायत रहेको केन्द्रीय सचिव शिवजी गुप्ताले बताए।

भेलामा एमालेका बृजेश्वर चौधरी, कन्हैया द्विवेदी, सुनील साह, वीरेन्द्र साह, पन्नालाल पटेल, अजय पटेललगायतको सहभागिता थियो।

## साफ च्याम्पियनशिप : पाकिस्तान सेमिफाइनलमा

काठमाडौं, ६ असोज/रासस

राजधानीमा जारी यू–१९ साफ च्याम्पियनशिप फूटबल प्रतियोगिता अन्तर्गत शनिवार भएको खेलमा पाकिस्तान माल्दिभ्ससँग बराबरी खेल्दै सेमिफाइनलमा पुगेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको खेलमा पाकिस्तानले माल्दिभ्ससँग १–१ गोलको बराबरीमा खेल्दै सेमिफाइनलमा आफ्नो यात्रा सुनिश्चित गरेको हो। समूह 'ए'मा रहेको पाकिस्तान दुई खेलमा चार अङ्क जोड्दै सेमिफाइनलमा पुगेको हो। शुक्रवार भएको पहिलो खेलमा पाकिस्तानले नेपाललाई १–० गोलअन्तरले पराजित गरेको थियो।

आजको खेलमा पहिलो अग्रता भने माल्दिभ्सले लिएको थियो। माल्दिभ्सका खेलाडी सानन रसिद रसादले खेलको ३९औं मिनेटमा गोल गर्दै आफ्नो टोलीलाई पहिलो अग्रता दिलाएका थिए।

त्यसपछि खेलको ८४औं मिनेटमा पाकिस्तानका साह जहानले एक गोल फर्काउँदै खेललाई एक–एक गोलको बराबरीमा ल्याए। त्यसपछि खेलमा गोल हुन सकेन र पाकिस्तान प्रतियोगिताको सेमिफाइनलमा पुग्ने पहिलो टोली बन्यो।

समूह 'ए'मा नेपालसहित पाकिस्तान र माल्दिभ्स छन्। पाकिस्तानले दुई खेलमा चार अङ्क जोडेको छ भने एक खेल खेलेको माल्दिभ्सको एक अङ्क छ। नेपाल अङ्कविहीन छ। नेपाल र माल्दिभ्सबीच यही असोज ८ गते प्रतिस्पर्धा हुनेछ। त्यसको विजेता टोली सेमिफाइलनमा पुग्नेछ।

## अमेरिकामा नेपाली फूटबल र भलिबल, एक हजार खेलाडी सहभागी

न्यूयोर्क, ६ असोज/रासस

अमेरिकामा बस्ने नेपाली समुदायबीच न्यूयोर्कको रोचेस्टर शहरमा शनिवारदेखि बृहत् प्रतिस्पर्धात्मक फूटबल तथा भलिबलका खेल शुरू भएका छन्।



तस्वीरः रासस

अमेरिकाको छिमेकी मुलुक क्यानडाबाट समेत केही टीम सहभागी भएको प्रतियोगितामा भलिबलका लागि पुरुषतर्फ २४ टोली सहभागी छन्। यस्तै, फूटबलमा युवातर्फ १६ र ३५ वर्षमाथिका भेट्रानतर्फ आठ टोली गरी २४ टोली सहभागी छन्। महिलातर्फ भलिबलमा आठवटा टोली प्रतिस्पर्धामा छन् भने फूटबलमा तीन टोली मैदानमा छन्।

इन्ट्रा नेशनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेशन अफ अमेरिकाको आयोजनामा शुरू भएको तेस्रो इन्ट्रा कप फूटबल तथा भलिबल खेलको उद्घाटन फाउन्डेशनका अध्यक्ष डिल्ली अधिकारीले गरेका थिए। उत्तर अमेरिकामा रहेका नेपाली जातिका सबै खेलप्रेमीलाई हौसला बढाउने, नेपाली समाजलाई खेलका माध्यमबाट अनुशासित बनाउने र अमेरिकावासी नेपाली युवायुवतीको मनोबल बढाइ भविष्यमा जुनसुकै प्रतिस्पर्धामा पनि अगाडि बढ्न सक्ने बनाउने उद्देश्यले फाउन्डेशनले यी खेलहरू आयोजना गरेको उनले बताए।

विश्वभरका नेपाली प्रतिभालाई समावेश गराइ मेरो डान्स युनिभर्स र मेरो भ्वाइस युनिभर्स नामका दुईवटा रियालिटी शोहरू गत महीना नेपालमा समापन गरेको फाउन्डेशनले अमेरिकावासी नेपाली खेलप्रेमीका लागि यो बृहत् खेलकूदको आयोजना गरेको हो। आयोजक समितिका निर्देशक अरुण गुरुङले दिएको जानकारी अनुसार प्रशिक्षक र टोली म्यानेजरसहित लगभग एक हजार खेलाडी सामेल छन्।

उनले दुवै खेलमा अमेरिकाका भर्मन्ट, पेन्सिलभेनिया, नर्थ क्यारोलिना, न्यूयोर्क, क्यानडा, ओहायो, मासाच्युसेट्स, केन्टकी, टेक्सास, क्यालिफोर्निया, जर्जिया, नेब्रास्का, मेरिल्यान्डलगायतका राज्यमा टोली सहभागी भएको बताए।

फाउन्डेशनले युवातर्फको फूटबल विजेतालाई १५ हजार अमेरिकी डलर, दोस्रो हुनेलाई १० हजार र तेस्रो हुनेलाई छ हजार डलर पुरस्कारको व्यवस्था गरेको छ। भलिबलमा पुरुष विजेताले १० हजार, दोस्रोलाई छ हजार र तेस्रोलाई चार हजार अमेरिकी डलर पुरस्कारको व्यवस्था गरेको छ। भेट्रानतर्फ फूटबल विजेतालाई १० हजार, दोस्रोलाई छ हजार र तेस्रो हुनेलाई तीन हजार पुरस्कारको व्यवस्था गरिएको छ।

योसँगै युवातर्फको विजेता टीमलाई ११५ ग्राम सुनको ट्रफीको व्यवस्था गरेको छ। तर यो सुनको ट्रफीलाई आफ्नो बनाउनका लागि भने एउटै क्लबले तीन वर्ष लगातार जित्नुपर्ने हुन्छ। खेल तीन दिनसम्म चल्नेछ।